# लिखुपिके राजपत्र

लिखुपिके गाउँपालिकाद्वारा प्रकाशित

## भाग -१

## सूचना

## लिखुपिके गाउँपालिकाको मदिरा उत्पादन, बिक्रि वितरण, प्रयोग तथा नियन्त्रण सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

प्रमाणिकरण मितिः२०७७/१२/११

**प्रस्तावनाः** नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा यस लिखुपिके गाउँपालिकाभित्र रहेका जनताको सदाचार, शिष्टाचार,अनुशासन र नैतिकता कायम राख्न, घरेलु हिंसा रोकथाम गर्न, स्वास्थ्य, सुविधा तथा आर्थिक हित समेत कायम राख्नको लागि मदिराको उत्पादन, बिक्री वितरण र प्रयोग समेतमा नियन्त्रण गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा संविधानको अनुसूची ८ का अधिकारहरूलाई कार्यान्वयन गर्न तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (४)(ख)(१३) तथा दफा १०२ (२) को अधिकार प्रयोग गरि लिखुपिके गाउँपालिकाको गाँउसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १

### संक्षिप्त नाम तथा परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ** : (क) यस ऐनको नाम "मदिरा उत्पादन, विक्री वितरण, प्रयोग तथा नियन्त्रण सम्बन्धी व्यवस्था गर्न ऐन, २०७७" रहेको छ ।

(ख) यो ऐन लिखुपिके गाउँपालिका क्षेत्र भर लागू हुनेछ ।

(ग) यो ऐन लिखुपिके गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष " भन्नाले गाँउपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ख) "उपाध्यक्ष " भन्नाले गाँउपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिखुपिके गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले लिखुपिके गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ)"गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको लिखुपिके गाउँपालिकालाई सम्झनुपर्दछ ।

(च) "गाँउसभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिम स्थापना भएको लिखुपिके गाउँपालिकाको गाँउसभालाई सम्झनुपर्दछ ।

(छ) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी,

भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

(ज) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(झ) "अनुमतिपत्र" भन्नाले दफा ७ बमोजिम मदिरा उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**परिच्छेद २**

## अनुमति तथा नियन्त्रण

**३. मदिराको उत्पादनमा नियन्त्रण :** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन ।

**४. मदिराको बिक्री वितरणमा नियन्त्रण :**

(१) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउन, बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

(२) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन ।

(३) कसैले पनि अठार वर्षको उमेर पूरा नगरेको व्यक्ति तथा गर्भवती महिलालाई मदिरा बिक्री वितरण गर्नु हुँदैन ।

(४) अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराको बिक्री वितरण गर्नु हुँदैन ।

**५. मदिराको निकासी पैठारीमा नियन्त्रण :** कुनै व्यक्तिले सम्बन्धीत निकायको अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

**६. अनुमतिपत्रको लागि निवेदन दिनु पर्ने** : यस गाँउपालिका भित्र मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न चाहनेले संघीय तथा प्रदेश कानून बमोजिमको प्रक्रिया पुरा गरि यस गाँउपालिकाबाट समेत अनुमतिपत्र लिनुपर्नेछ र अनुमतिपत्र लिनको लागि तोकिए बमोजिमको ढाँचामा गाँउ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**७. अनुमतिपत्र दिनु पर्ने :** दफा ६ बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिब देखेमा तोकिए बमोजिमको शर्तको अधीनमा रही मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ । तर अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई अनुमतिपत्र दिइने छैन ।

**८. अनुमतिपत्रको अवधि र नवीकरण :** अनुमतिपत्र प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ र नवीकरण दस्तुर सम्बन्धी व्यवस्था गाँउपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

**९. अनुमतिपत्र रद्द गर्न सक्ने** : तोकिएको अधिकारीले दफा ७ बमोजिम दिइएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछ :-

(क) अनुमतिपत्र नवीकरण नगरेमा,

(ख) अनुमतिपत्रमा तोकिएका शर्त उल्लङ्घन गरेमा,

(ग) दफा ४ विपरीत काम गरेमा ।

**१०. लागू नहुने अवस्था :** यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपयोगको निमित्त तोकिएको परिमाणमा रक्सी वा जाँड बनाउन यस ऐन अन्तर्गत अनुमतिपत्र लिनु पर्ने छैन ।

**परिच्छेद ३**

## अनुगमन सम्वन्धि व्यवस्था

**११. खानतलासी, कब्जा वा नियन्त्रणमा लिन सक्ने :**

(१) कुनै स्थानमा यस ऐन बमोजिम सजाय हुने कसूर भएको छ भन्ने मनासिब माफिकको कारण भएमा गाँउपालिकाको बजार अनुगमन समिति वा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा तोकिएको अधिकारीले खानतलासी गर्नु पर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नुभन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कसूर भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसूरसँग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ ।

(४) कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको छ र निजलाई नियन्त्रणमा नलिए निज भागी जाने सम्भावना छ भन्ने लागेमा गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतले निजलाई स्थानीय तहमा रहेको नेपाल प्रहरीको सहयोगमा निजलाई नियन्त्रणमा लिन आदेश दिन सक्नेछ ।

(५) तोकिएको अधिकारीले यस दफा बमोजिम खानतलासी, कब्जा वा नियन्त्रणमा लिँदा स्थानीय जनप्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ ।

(६) तोकिएको अधिकारीले यस दफा बमोजिम खानतलासी, कब्जा वा नियन्त्रणमा लिँदा अपनाउनु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. नियन्त्रण र कब्जाको प्रतिवेदन दिनु पर्ने :** यस ऐन अन्तर्गत कसैलाई नियन्त्रणमा लिएको वा कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेकोमा तोकिएको अधिकारीले सो कुराको प्रतिवेदन चौबीस घण्टाभित्र छिटो साधनद्वारा प्रमुख प्रशासकीय अधिकृत समक्ष पठाउनु पर्नेछ ।

**१३. दुःख दिने नियतले खानतलासी, कब्जा वा नियन्त्रण गर्नेलाई सजाय :** यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब शङ्का नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, बेइज्जती गर्ने वा क्षति पुऱ्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खानतलासी गर्ने गराउने, कसैलाई नियन्त्रण गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुऱ्याउने वा पुऱ्याउन लगाउने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**१४. मदिरा तथा अन्य सामानको जफत र बिक्री :**

(१) कुनै व्यक्तिले यस ऐन विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा तोकिएको अधिकारीले जफत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा तोकिएको अधिकारीले तोकिए बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) यस ऐन विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरु तोकिएको अधिकारीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ । तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन ।

**१५. सहयोग गर्नु पर्ने :** यस ऐन अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सिलसिलामा **लिखुपिके गाउँपालिकाको अध्यक्ष वा** प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

**परिच्छेद ४**

**उत्पादन तथा बिक्रि**

**१६. मदिराजन्य वस्तुको विक्रीः**

(१) मदिराजन्य वस्तुको विक्रेताले पसल स्थापना गर्न संघीय कानून बमोजिमको प्रक्रिया पुरा गर्नुको साथै यस गाँउपालिकाबाट समेत स्वीकृती लिनुपर्नेछ ।

(२) मदिराजन्य वस्तु विक्री गर्ने पसल खाद्यान्न, किराना वा अन्य पसल सँग खोल्न पाइने छैन यस्ता पसलहरु छुट्टै खोल्नुपर्नेछ ।

(३) यस गाँउपालिका भित्र बेलुकी ९ बजे भन्दा पछि मदिराजन्य पदार्थको विक्री वितरण गर्न पाइनेछैन ।

**१७. घरेलु मदिराको उत्पादन र विक्रीः**

(१) यस गाँउपालिकाको क्षेत्र भित्र घरेलु मदिरा उत्पादन तथा विक्री वितरण गर्न पाइनेछैन ।तर, यस दफाले कसैलाई पनि धार्मिक तथा घरायसी प्रयोजनका लागि निश्चित परिमाणमा घरेलु मदिरा उत्पादन गर्न रोक लगाएको मानिने छैन ।

(२) दफा (१) बमोजिमको घरेलु मदिरा उत्पादन गरि विक्री गरेमा खानतलासी लिई उत्पादनमा प्रयोग भएका सामानहरु जफत गर्न र रु ५० हजार सम्म जरिवाना गर्न सकिनेछ ।

**१८. मदिराजन्य पदार्थको प्रयोगः**

(१) यस गाँउपालिका भित्र तोकिएको क्षेत्र बाहेक कुनै पनि सार्वजनिक स्थलमा मदिराजन्य पदार्थ सेवन गर्न पाइने छैन । मदिराजन्य पदार्थ सेवन गरि सार्वजनिक स्थलमा होहल्ला वा झगडा गरेमा यस्तो गर्ने व्यक्ति वा समूहलाई नियन्त्रणमा लिन सकिने छ ।

(२) दफा (१) बमोजिम नियन्त्रणमा लिएको व्यक्तिलाई जनही रु एक हजार देखि पाँच हजार सम्म जरिवाना गर्न सकिने छ ।

## परिच्छेद ५

## विवाद निरुपण, दण्ड तथा पुरस्कार

**१९. मुद्दा हेर्ने अधिकारी :** यस ऐन बमोजिम मदिराजन्य वस्तुको उत्पादन, विक्री र उपयोगको कारण उत्पन्न विवाद गाँउपालिकाको न्यायिक समितिले हेर्नेछ । तर, न्यायिक समितिको क्षेत्राधिकार भन्दा बाहेकको विषय संघीय वा प्रदेश कानून बमोजिम हुनेछ ।

**२०. पुनरावेदन :** यस ऐन बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर संघीय कानून बमोजिम पुनरावेदन गर्न सकिनेछ ।

**२१. दण्ड सजाय :** (१) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) यस ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**२२. गाँउपालिकालाई तिर्न पर्ने रकम सरकारी बाँकी सरह असूल गर्ने :** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले गाँउपालिकालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट तोकिएको अधिकारीले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**२३. पुरस्कार :** (१) कसैले यस ऐन विपरीत मदिरा उत्पादन, सञ्चय, बिक्री वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबुत प्रमाण सहित व्यक्ती पक्राउ गरी पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा बिगोको दश प्रतिशत रकम पुरस्कार स्वरुप दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सो सँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा गाँउकार्यपालिकाले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्राउ गरी पेश गर्ने व्यक्तिलाई उचित ठहऱ्याएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ ।

(४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ ।

**परिच्छेद ६**

**विविध**

**२४. नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वित गर्न लिखुपिके गाँउपालिकाको गाँउकार्यपालिकाले नियम तथा कार्यविधिहरु बनाउन सक्नेछ ।

**२५. संसोधन, बचाउ र खारेजी** : यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित नेपाल तथा प्रदेश कानून बमोजिम भट्टी वा डिष्टीलरीबाट मदिरा उत्पादन गर्ने ठेक्का वा अनुमतिप्राप्त गरेकोलाई यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

**२६. यसै ऐन बमोजिम हुने :** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुने छ र प्रचलित संघीय वा प्रदेश कानूनसँग बाझिएको हदसम्म यस ऐनको प्रावधान खारेज हुने छ ।

आज्ञाले,
कृष्ण पौडेल
प्रमुख प्रशासकिय अधिकृत